महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७८

विदेह नगरपालिका

धनुषा

महालेखापरीक्षकको कार्यालय

काठमाण्डौ, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः२०७८।७९

च. नं. २५८ मितिः २०७८।५।४

विषयः लेखापरीक्षण प्रतिबेदन ।

श्री प्रमुखज्यु,
विदेह नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
धनुषा।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिबेदन जारी गरीएको छ । उक्त प्रतिबेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागी अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ३गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्या: २०७८/७९

च.नं.: २५७

मिति:२०७८।५।४

श्री नगर प्रमूखज्यू,
बिदेह नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
धनुषा ।

विषय: लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले बिदेह नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७/१२/१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएन। अन्तिम प्रतिवेदन पाना ४२ यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु.७ करोड ७३ लाख ३६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २० लाख, ७० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३ करोड ४ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु.४ करोड १ लाख ६१ हजार र पेश्की बाँकी रु.४६ लाख, ६४ हजार रहेको छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधी तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्रकुमार खत्री)
नायब महालेखापरीक्षक

बिदेह नगरपालिका, धनुषा
लेखापरीक्षण प्रतिवेदन
आर्थिक वर्ष २०७६/७७

- **परिचय** : स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, ४५.५१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार २६६ जनसंख्या रहेको छ ।
- **स्थानिय सचितकोषः** यस पालिकालाई एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ , नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS)बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकिकृत बार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एंव विस्तृत विवरण खुलाई सो विवरण प्राप्त हुन सकेन । आर्थिक वर्ष २०७६।७७ स्थानीय सञ्चित कोष आय–व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

एकीकृत आर्थिक कारोबारको स्थिति

आयतर्फ			व्ययतर्फ		
सि.नं	**विवरण**	**रकम**	**सि.नं**	**विवरण**	**रकम**
१	**गतवर्षको जिम्मेवारी**		१	**चालु खर्च**	
	क) नगद			क) संघीय वित्तीय सामानिकरण	१२४९९०९१
	ख) बैंक	१२२१४०१६८।८९		ख) प्रदेश वित्तीय समानिकरण	
	ग) धरौटी बैंक	२१८८१२१		ग)राजश्व बाँडफाँड संघीय	४११९१६५५
२	**संघीय वित्तीय हस्तान्तरण**			घ)राजश्व बाँडफाँड प्रदेश	६७९२५१
	क) वित्तीय समानिकरण अनुदान	११२३०००००		ङ)आन्तरिक श्रोत	६१६६३००९
	ख) सशर्त अनुदान	१६१९८९०००	२	**पूंजीगतखर्च**	
३	**प्रदेश सरकारबाट प्राप्त अनुदान**			क) संघीय वित्तीय सामानिकरण	६४५३८८६४
	क) वित्तीय समानिकरण अनुदान	७१६४०००		ख) प्रदेश वित्तीय समानिकरण	५६७२११४
	ख) सशर्त अनुदान	१०००००००		ग)राजश्व बाँडफाँड संघीय	१८७९९९९
	ग) विषेश अनुदान	३००००००		घ)आन्तरिक श्रोत	४६४६९४४२
	घ) समपुरक अनुदान	४००००००		ङ) विषेश प्रदेश	२९५४१०३
४	**विषयगत निकासा रकम**			च) समपुरक प्रदेश	४००००००
	क) सामाजिक सुरक्षा	७५६०५६००	३	**सशर्त अनुदानखर्च**	
	ख) स्थानीयपूर्वाधार	५९६३२२३		क) संघीय सर्शत अनुदान	१३४१८६६७७
	ग) वहुक्षेत्रीय पोषण	८५११५७		ख) प्रदेश सर्शत अनुदान	९५९१९७१
	घ) सडक बोर्ड	३८४१९७२	४	**विषयगतनिकायको खर्च**	
	ङ) संचित विदा	१०८९९६५		क) सामाजिक सुरक्षा	७५६०५६००
	च) औषधी उपचार	१२३३३२८		ख) स्थानीयपूर्वाधार	५९६३२२३
	छ) मुख्यमंत्री बेटी बचाउ	५००००		ग) वहुक्षेत्रीयपोषण	८५११५७
	ज) सुचना प्रविधि अधिकृत	२७९९३०		घ) सडक बोर्ड	३८४१९७२
	झ) विविध गत वर्षको सा.सु. रकम फिर्ता	१६०१८००		ङ) संचित विदा	१०८९९६५
	ञ) राहत प्रदेश	१५०००००		च) औषधी उपचार	१२३३३२८
	ट) विपद व्यवस्थापन नगरपालिका तर्फ	१०४३२०००		छ) मुख्यमंत्री बेटी बचाउ	५००००
	ठ) राष्ट्रिय परिचयपत्र चालु	९४९७७६		ज) सुचना प्रविधि अधिकृत	१८९९५०
	ड) राष्ट्रिय परिचयपत्र पूजिगत	२०४९९८		झ) विविध गत वर्षको सा.सु. रकम फिर्ता	१६०१८००
	ढ) बृहत पोषण युनिसेफ	२१२०००		ञ) राहत प्रदेश	१५०००००

आयतर्फ			व्ययतर्फ		
सि.नं	विवरण	रकम	सि.नं	विवरण	रकम
५	**आन्तरिक आय**			ट) विपद व्यवस्थापन नगरपालिका तर्फ	९७५२०१३
	क) आन्तरिक राजस्व	४२३७५७९।८३		ठ) राष्ट्रिय परिचयपत्र चालु	९४९७७६
	ख) राजश्व बाँडफाँड संघीय	५१०७९७२९		ड) राष्ट्रिय परिचयपत्र पूजिगत	२०४९९८
	ग) अन्य आय	१६४१८००		ढ) बृहत पोषण युनिसेफ	२१२०००
	घ) राजश्व बाँडफाँड प्रदेश	११२७७५३	**५**	**को.ले.नि.का ।प्र ले.नि.का फिर्ता**	
६	**धरौटी प्राप्ती**	३२०६८६९		क) संघीय सशर्त अनुदान	
				ख) प्रदेश सशर्त अनुदान	
			६	**राजश्व दाखिला**	१६४१८००
			७	**धरौटी फिर्ता**	१५३०८४५
			८	**बांकी मौज्दात**	
				क) स्रेस्ता अनुसार बांकी	७५५६२०२१।६१
				ख) धरौटी बांकी	३८६४१४५
	जम्मा	**५८७८९०७६९।६१**		**जम्मा**	**५८७८९०७६९।६१**

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
१.	एकीकृत आर्थिक विवरणको परीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् :	
१.१.	यस वर्ष राजश्व बाँडफाँड संघीय सरकारबाट रु.५,१०,७९,७२९। प्राप्त भएकोमा कार्यालयले रु.५,९९,९१,६५४। खर्च गरी निकासा रकम भन्दा रु.८९,११,९२५। बढी खर्च गरेको छ । निकासा भन्दा बढी खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्च सोधभर्ना गर्नुपर्ने देखिन्छ ।	
१.२.	**संचित कोष फिर्ता :** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फ रु.१६,१९,८९,०००। निकासा भएकोमा रु.१३,४१,८६,६७७। खर्च भइ वचत रकम रु.२,७८,०२,३२३। मिति २०७७/६/३० मा संघीय संचित कोषमा दाखिला भएको छ ।	
१.३.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तयार तथा लेखाङ्कन गरेको पाईएन ।	
१.४.	**सुत्रको प्रयोगः** नगरपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने निर्देशन भए अनुसार यस आर्थिक बर्षमा लागु गरेको भएतापनि विषयगत मन्त्रालयबाट प्राप्त बजेट सुत्रमा प्रविष्ट नगरेको, गत वर्षको मौज्दात रकम अ.ल्या. नभिडेको, स्रोतगत अनुमान बजेट सुत्रमा प्रविष्ट गरेकोमा अन्तिम बजेट सोही मानेको हुँदा मौज्दात रकम घटी/बढि देखिएको र कार्यालयले सुत्रबाट गोश्वारा भौचर मात्र उतार गरी अन्य विवरण प्रविष्ट नगरेको कारणले म.ले.प.फा.नं.२७५ र २७२ भिडान नभएको अवस्था छ । डाटा प्रविष्ट गरी वार्षिक प्राप्ती तथा भुक्तानीको हिसाव मिलान गर्नुपर्दछ ।	
२.	**आर्थिक कारोवारको अवस्था :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यव्यको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ । यस सम्बन्धमा नगरपालिकामा देखिएका व्यहोरा देहाय बमोजिम छन् • संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता परीक्षण गर्दा अद्यावधिक नरहेको कारण पेश गरेको आय–व्यय विवरण यथार्थ छ भनि भिडान गर्नसक्ने आधार भएन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकिकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस पालिकाले सो अनुसार एकिकृत विवरण तयार गरी प्रदेश	

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
	लेखा नियन्त्रक कार्यालय र को.ले.नि.का पठाएको छैन । • आर्थिक वर्ष २०७६।७७ मा भएको खर्चको चेक भुक्तानीको लागि आवश्यक रकम मूल संचित कोष खाताबाट कार्य संचालन खातामा सोही वर्षमा ट्रान्सफर गर्नुपर्नेमा पछिल्लो आ.व. २०७७।७८ मा समेत मूल संचित कोष खाताबाट रकम ट्रान्सफर गरेको छ । मूल संचित खाताबाट आषाढ मसान्त भित्रै आवश्यक रकम ट्रान्सफर गरी खर्चको लेखाङ्कन गर्नुपर्दछ । ऐनको व्यवस्था अनुसार वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
३.	**खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सातदिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । खर्च गर्दा आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संचालन गर्ने उल्लेख गरेको छ ।	
४.	**आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ—आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यसैगरी आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार गर्नुपर्ने र प्रचलित कानुन पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने व्यवस्था छ । त्यसैगरी प्रचलित कानुनमा व्यवस्था भएका प्रावधानहरुको पालना हुनुपर्दछ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन साथै वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व र कानुनको पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयोः • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम वार्षिक खरिद योजना तयार नभएको, • आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(२) बमोजिम उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको , • निजामती सेवा ऐन २०४९ को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागु नगरेको , • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यलयले निरीक्षण गरेको देखिएन, • वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण नगरेको, • प्रतिस्पर्धात्मक खरिद विधि अवलम्वन नगरेको, • योजना छनौट भए तापनि सवै योजना कार्यान्वयनमा नल्याएको, • वितरणमूखी कार्यक्रमलाई संचालन गरेको, • पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको , • स साना योजनालाई प्राथमिकता दिएको, • कोषहरुको कार्यविधि कानून नवनाएको, • उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको,	

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
	• कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण नगरेको, • कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको, • संस्थागत क्षमता विकासमा उल्लेखनिय प्रगति नगरेको, • आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको, • कार्य सम्पादन जमानीको मान्य अवधि नविकरण भएको नदेखिएको, • उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको, • न्यायीक समितिवाट मुद्दाको किनारा लगाउन बाँकीको विवरण प्राप्त नभएको , • चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरी खर्च गरेको, • राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण नगरेको, • राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको, • तलवी प्रतिवेदन पारीतमा पूर्णता कायम नगरेको, • प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको, • विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको • अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन नगरेको, • नगर प्रमुखको तोकादेशबाट कतिपय योजना स्वीकृत गर्ने गरेको, • एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकीकृत लगत र निरीक्षण गरेको, • लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको, • विविध खर्चमा नियन्त्रण नगरेको, कतिपय विविध खर्चको विलमा घरयासी प्रयोजनका खाद्यान्न सामानको प्रयोजन नखुलाई विल राखी भुक्तानी गरेको, • कार्यालयमा टेलिफोन नभएको भनि प्रयोजन नखुलाई निजी फोनमा रिचार्ज खर्च लेख्ने गरेको, • उपभोक्ता समितिको गठन प्रक्रिया नियमानुसार नभएको, • अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी नबनाएको, • निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको , • उपभोक्ता समितिबाट गराएको काममा नियमानुसार खर्च अनुमोदन, खर्चको सूचना सार्वजनिकीकरण नगरेको, मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको , • आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९२ बमोजिम सबै आर्थिक कारोवारको श्रेस्ता स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन नगरेको • जिन्सी खाता,बैक नगदी किताव, लेजर खाताहरु प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको, • आम्दानी तर्फको म.ले.प.फा.नं.(साविक)१०८ र २३ जस्ता खाता नराखेको, • म.ले.प.फा.नं.(साविक) ४७ र ५२ जिन्सी खाता अद्यावधिक नगरेको , • समयमा पेश्की फछ्र्यौट नगरेको, • केही उपशिर्षकमा बैंक नगदी किताब र आषाढको खर्चको फाटवारी नमिलेको, • नियम बमोजिम खर्चको विल भरपाईको तेरिज, जोडजम्मा, प्रमाणिकरण,भुक्तानीको छाप र खर्चका यथेष्ट प्रमाण नरहेको, • ईन्धन खर्चको लगबुक नराखेको, • कतिपय निजी सवारी साधन मर्मत खर्च भुक्तानी गरेको सम्बन्धमा यकिन गरी असुल गर्नुपर्ने, • नापी किताव लुजसिटमा रहेको ।	

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
	नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
५.	**आन्तरिक लेखापरीक्षण :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुसार यस वर्ष आन्तरिक लेखापरीक्षण गराएको छैन । ऐनको प्रावधान कार्यान्वयन गर्नुपर्दछ ।	
६.	**श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ । नगरको प्राथमिक आयोजना कून कून हुन प्रक्षेपण गरी वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ ।	
७.	**वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । एउटै क्षेत्र भित्र वडागत योजना, नगरपालिका योजना र विषयगत पूर्वाधार क्षेत्रका कार्यक्रमका लागि रकम विनियोजन गरेको छ । विषयगत क्षेत्र सँग सम्वन्धित तथा वडा र नगरपालिकाको सार्वजनिक निर्माण सँग योजना दोहोरो पर्नसक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठाउँवाट संचालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण गरिएको छ ।	
८.	**वार्षिक खरिद योजना/गुरु योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले यस वर्ष रु.७,०२,१०,९७८। को पूँजीगत खर्च/खरिद कार्य गरेको छ । नगरपालिकाले आफ्नो खरिद ऐन नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना/गुरु योजना बनाई खरिद कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ ।	
९.	**बार्षिक आर्थिक कारोवारको प्रतिवेदनः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९० उपनियम (१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवार (नगदी,जिन्सी आय व्यय) को अनुसूची २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काईस दिनभित्र दुई प्रति सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र एक प्रति तालुक	

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
	कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्म अनुसूची २११ बमोजिमको ढाँचाको वार्षिक आर्थिक कारोवार, प्रतिवेदन तयार नगरेकोले नियमको व्यवस्था पालना भएको देखिएन । नियमावलीमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।	
१०.	**आन्तरिक ऋणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सम्बन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।	
११.	**स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा अभिलेख व्यवस्थापन गर्नुपर्ने देखिन्छ । त्यसैगरी प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको समग्र प्रोफाईल तयार गर्नुपर्नेमा सो समेत तयार गरेको देखिएन ।	
१२.	**अनुगमन तथा सुपरिवेक्षणः** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजनासमेत तयार गर्नुपर्ने र नगरपालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले योजनाबद्ध रुपमा संचालित योजना अनुगमन तथा सुपरिवेक्षण कार्यान्वयन गरेको देखिएन । केहि योजनामा नगर प्रमुख र उप प्रमुख तथा सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले अनुगमन गरेको भएपनि ,केहि योजनामा नगर प्रमुख र सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले वाहेक अधिकांश योजना वार्ड अध्यक्ष, वार्ड सदस्यले मात्र तथा कर्मचारी,प्राविधिकले मात्र अनुगमन गरेको देखिएको छ । प्रस्तुत अनुमगन प्रतिवेदनमा आर्थिक अवस्था र काम सम्पन्न भएको व्यहोरा उल्लेख गर्ने गरेको छ । काम नभएका र सुधार गर्नुपर्ने व्यहोरा कमै मात्र उल्लेख गर्ने गरेको छ । यसरी योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कार्य ऐनले निर्दिष्ट गरेबमोजिम जिम्मेवार पदाधिकारीबाट नगराउँदा र प्राविधिक पक्षको कमि कमजोरी नऔंल्याउँदा साधनस्रोतको अधिकत्तम उपयोग, सेवा प्रवाह तथा कामको गुणस्तर प्रभावकारी हुन नसक्ने तर्फ जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्दछ ।	
१३.	**न्यायीक समितीः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका उजुरीको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ भने अन्य उजुरी सम्वन्धमा अवधि किटान गरेको छैन । कार्यालयले न्यायीक समितिमा के कति उजुरी दर्ता भए त्यस मध्ये कति फर्छ्यौट र बाँकी रहे सो को विवरण तयार गरेको छैन । विवरण तयार गरी न्याय सम्पादन प्रक्रियालाई टुङ्गो लगाउनु पर्दछ ।	
१४.	**गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका ल्यापटप लगायत	

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
	सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।	
१५.	**जिन्सी निरिक्षणः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० वमोजिम जिन्सी सामानहरु के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरिक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिक द्वारा निरिक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आ.व. २०७६।७७ मा जिन्सी निरिक्षण गरेको भएता पनि कानुनी व्यवस्था अनुसार जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको छैन । जिन्सी प्रतिवेदन तयार नहुँदा मर्मत एवम् लिलाम गर्नुपर्ने, मूल्य नखुल्ने जस्ता विवरण अद्यावधिक नहुने हुँदा नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
१६.	**सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल–अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगतखाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागतसमेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु नगरपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, नगरपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ ।	
१७.	**बेरुजु अभिलेखः** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ ।	
१८.	**उपभोक्ताको काम** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र	

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
	परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।	
१९.	**मेसिनको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याई नभएको अवस्थामा कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ । साथै लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको छ । यसबाट उपभोक्ताको योगदान सुनिश्चित गर्न सक्ने आधार भएन ।	
२०.	**निर्माण कार्यको गुणस्तरः** उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १२ मा निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाहो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ ।	
२१.	**डोर हाजिरी फाराम नियन्त्रण खाताः** कायांलयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं.१७५ राख्ने गरेको छैन भनें डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गदां आयोजनामा के कति डोर हाजिरी फारामहरु को,कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यबस्था हुनु आवश्यक देखिन्छ ।	
२२.	**व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।	
२३.	**सवारी करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको	

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
	सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।	
२४.	**मनोरञ्जन कर:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।	
२५.	**सामाजिक परीक्षण** : पालिकाले सार्वजनिक परीक्षण अन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाई कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको देखिएन । सार्वजनिक परीक्षण सम्बन्धी ढाँचा तोकी कार्यान्वयनमा नल्याएकोले योजनामा सार्वजनिक परीक्षण हुन सकेको पाइएन । पालिकाले केही ठूला योजनाहरू छनौट गरी सामाजिक परीक्षणको व्यवस्था समेत कार्यान्वयन गरेको देखिएन । पालिकाबाट संचालित सबै पुँजीगत एवं चालु योजनामा निर्देशिका बनाई तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउने कार्य गर्नुपर्ने देखिन्छ ।	
२६.	**काम, कर्तव्य र अधिकार** : संविधानको अनुसूची–८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय स्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण, कृषि तथा पशुपालन, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन लगायत २२ प्रकारका अधिकार उल्लेख छ । संघ वा प्रदेशले संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय पालिकालाई कानून बनाई निक्षेपण गरेको अवस्था देखिएन ।	
	नगरपालिका चालु	
२७.	**तलवी प्रतिवेदन:** निजामती सेवा ऐन, २०४९ को दफा ६(ख२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कर्मचारी तलव भत्तामा रु.९३,७८,५४१। खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ ।	
२८.	**कर्मचारी करार :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नहुने व्यवस्था छ। पालिकाले विभिन्न पदमा विगत वर्षदेखि कर्मचारीहरु करारमा राखि खर्च लेख्दै आएको देखिन्छ। यसबाट पालिकाले आवश्यक भन्दा बढी कर्मचारी करारमा राखेको छैन भन्न सकिएन । अवलम्ब सङ्गठन व्यवस्थापन सर्वेक्षणबाट दरवन्दी स्वीकृत गरी यसरी कार्यरत कर्मचारी राख्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।	
२९.	**भ्रमण अभिलेख एवं प्रतिबेदन:** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख	

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
	राखुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार रु.८,३१,९१३। खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । एउटै गोश्वारा भौचरबाट अनुगमन तथा मुल्यॉंकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको, एकै दिन गएर फर्कन सक्ने स्थान जनकपुर समेतको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन । नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
३०.	**कार्यालय सम्बन्धि खर्चः** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामान रु.७०,७६,०७३। र छपाइ तथा सूचना प्रकाशनमा रु.१८,००,०००। गरी रु.८८,७६,०७३। खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।	
३१.	**मर्मत आदेशः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भक्तानी गर्दा केही खर्चमा मर्मत आदेश र मर्मत म.ले.प.फा.नं. २ तयार नगरी सवारी साधन मर्मत रु.१०,६३,६७३। र मेशिनरी तथा औजार मर्मत संभार रु.५,६५,६५२। समेत रु.१६,२९,३२५। खर्च लेखेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
३२.	**इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी नगर प्रमुख तथा कर्मचारीबाट कुपन काटी कतिपय कुपनमा गाडी नं. समेत उल्लेख नगरी यस वर्ष इन्धनमा रु.५१,४४,३८९। खर्च गरेको छ। कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फछ्यौंट गर्नुपर्दछ । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।	

भौ.नं./मिति	फर्मको नाम	रकम
१९-०७६/६/१५	रोशन ज्योती आयल स्टोर्स	८५६२४१
४१-०७६/७/१४	रोशन ज्योती आयल स्टोर्स	५३७७८२
५१-०७६/८/५	रोशन ज्योती आयल स्टोर्स	५०७२८६
६९-०७६/९/२	रोशन ज्योती आयल स्टोर्स	५११७२४
८५-०७६/१०/१९	रोशन ज्योती आयल स्टोर्स	४४०७१९

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम

१३५-०७६/११/२३	रोशन ज्योती आयल स्टोर्स	१४६०००
१६७-०७६/१२/२०	रोशन ज्योती आयल स्टोर्स	८१९१२
१८१-०७७/१/१२	रोशन ज्योती आयल स्टोर्स	१४५२९६
२०६-०७७/२/११	रोशन ज्योती आयल स्टोर्स	१११२०१३
३०६-०७७/३/१२	रोशन ज्योती आयल स्टोर्स	३०५७६३
४०४-०७७/३/३१	रोशन ज्योती आयल स्टोर्स	४९९६५३
	जम्मा	५१४४३८९

३३. **विविध खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्टयाई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष विविध खर्च वापत रु.५३,१३,५६९।खर्च गरेको छ । खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी नगर प्रमुख तथा कर्मचारीले कुपन काटेको आधारमा भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।

निम्नानुसार एउटै फर्मका रु.२०,०००। भन्दा घटीका टुक्रा टुक्रा पान विल संलग्न गरी प्रयोजन समेत नखुलाई एकै गोश्वारा भौचरबाट निम्नानुसार रु.२४,९९,३५५। खर्च लेखेको सम्बन्धमा यकिन गरी प्रयोजन समेत खुलाई नियमित गर्नुपर्ने देखिएको रु. २४९९३५५

भौ.नं./मिति	फर्मको नाम	रकम
२४-०७६/६/१६	शम्भु मदिरा पसल	११४६२०
२७-०७६/६/२८	राम सेवक कोल्ड स्टोर्स	१८२८३०
२८-०७६/६/२९	होटल फुलवारी	२२४५२५
९२-०७६/१०/१५	राम सेवक कोल्ड स्टोर्स	१९४२१५
६०-०७६/८/१९	होटल फुलवारी	११४२३५
६१-०७६/८/१९	राम सेवक कोल्ड स्टोर्स	१६३०७०
८७-०७६/१०/१४	होटल फुलवारी	२६४८२५
११४-०७६/१०/२३	शम्भु मदिरा पसल	६६५७५
१८२-०७७/१/१२	राम सेवक कोल्ड स्टोर्स	३३०९९०
१८३-०७७/१/१२	होटल फुलवारी	२८७८३५
३५७-०७७/३/२४	राम सेवक कोल्ड स्टोर्स	१६४८४०
३५८-०७७/३/२४	होटल फुलवारी	३०४५३५
४०७-०७७/३/३१	होटल फुलवारी	८६२६०
	जम्मा	२४९९३५५

३४. **न्यायिक समिति तथा वडा संचालन खर्च :** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं.३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई २५ हजार रुपैयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । वडा संचालन खर्चको श्रेस्ता परिक्षण गर्दा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
	नगरेको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिएको साथै वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।	

भौ.नं./मिति	वडा नं.	नाम	रकम
३६१-०७७/३/२५	६	वडाध्यक्ष श्री जयराम मंडल	४९१८३८
३६२-०७७/३/२५	५	वडा सचिव	४५६२७७
३६३-०७७/३/२५	४	वडा सचिव श्री सत्य नारायण राय	३०४१३०
३६४-०७७/३/२५	९	हिरा बहादुर यादव	४८४४१८
३६५-०७७३/२५	१	भुला यादव	४७७३५८
३८०-०७७/३/२६	२	सत्य नारायण राय	४५१८०७
३८१-०७७/३/२६	३	सर्वजित पासमान	४७६३३९
३८२-०७७/३/२६	७	राम किशोर यादव	४९२०५०
३९२-०७७/३/२९	८	रामकृपाल शाह	४९४१७०
४०३-०७७/३/३०		उपमेयर श्री निलमदेवी मंडल न्यायिक समिति खर्च	३६७०००
		जम्मा	४४९५३८७

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
६९.	**विद्यालय भौतिक पूर्वाधार निर्माण :** स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित "कार्यक्रम कार्यान्वयन पुस्तिका, आ व ०७६।७७ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तरगतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्ना प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । उक्त पुस्तिकामा विद्यालय भौतिक निर्माण कार्यक्रम सञ्चालन गर्दा सम्झौता भएका विद्यालयहरुलाई प्राविधिकहरुले निरीक्षण गरी दिएको प्रतिवेदनका आधारमा पहिलो किस्ताका रुपमा कुल अनुदान रकमको ३०% रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताका रुपमा कुल अनुदान रकमको ५०% रकम अनुदान दिने र कार्यसम्पन्न गरे पश्चात नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताका रुपमा कुल अनुदान रकमको २०% रकम अनुदान दिने व्यवस्था छ । कार्यालयले उपरोक्तानुसार विद्यालयसँग नापी किताव एवं कार्यसम्पन्न प्रतिवेदन पेश नगरी निम्नानुसार विद्यालयलाई रु.१,९९,००,०००। अनुदान प्रदान गरेको छ । अनुदान रकमबाट भएको कामको भौतिक प्रगति नापी किताव एवं कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	१९९०००००

ब.उ.शि.नं.	भौ. नं./मिति	विद्यालयको नाम	कार्यक्रम	रकम
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	५३-०७६/८/२७	शिवशंकर जनता आ.वि. इरर्हका	२ कोठे भवन	४८००००
	९०-०७७/२/३२	शिवशंकर जनता आ.वि. इरर्हका	२ कोठे भवन	४८००००
	८९-०७७/२/२८	जनता नमुना मा.वि. गिद्दा, वेलापट्टी	भवन निर्माण	१०००००००
	११४-०७७/३/२४	जनता नमुना मा.वि. गिद्दा, वेलापट्टी	आइसिटि ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन	५००००००
	५८-०७६/८/२७	शिवशंकर आधारभुत विद्यालय	वास सुविधा सहितको शौचालय	७०००००
	१०४-०७७/३/३१	सरस्वती रा.प्रा.वि. ठाढी झिझा	भौतिक पूर्वाधार	४८००००
	१३८-०७७/३/३१	सरस्वती रा.प्रा.वि. ठाढी झिझा	भौतिक पूर्वाधार	११२००००
	१३८-०७७/३/३१	शिवशंकर जनता आ.वि.	भौतिक पूर्वाधार	६४००००
नगरपालिका चालु	३५५-०७७/३/२४	श्री जनता मा.वि. गिद्धा वेलापट्टी	कक्षा कोठा मर्मत	५०००००

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम

		श्री भगवती राष्ट्रिय आधारभुत विद्यालय,	कम्पाउण्ड तथा खेल मैदान	२०००००
		श्री सहदेव राष्ट्रिय प्रा.वि.	भवन निर्माण	३०००००
		जम्मा		१९९०००००

७०. **प्रोत्साहन अनुदान :** विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गतका निम्न उपक्रियाकलापहरु संचालनको लागि निम्न विद्यालयलाई निम्न बमोजिम अनुदान रकम निकासा प्रदान गरिएको छ । कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरिए बमोजिम प्रस्ताव माग गर्ने, प्रस्तावहरुको मूल्याङ्कन गरी विद्यालय छनौट गर्ने, विगतमा यस प्रकृतिको अनुदान नपाएका विद्यालय यकिन गर्ने, स्थानीय तह र विद्यालयबीच सम्झौता गर्ने लगायतका प्रक्रियाको पालना गरेको पाइएन ।यसबाट कार्यसम्पादनमा उत्कृष्ट विद्यालयले अनुदान पाएका छन् भन्न सक्ने आधार भएन । कार्यान्वयन पुस्तिकाको प्रावधान पुरा गर्ने विद्यालयलाई मात्र यस्तो अनुदान दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । निकासा प्रदान गरिएको रकमबाट विद्यालयले तोकिएको कार्य सम्पादन गरे नगरेको सम्बन्धमा कार्यालयले अनुगमन गरी अनुदान रकम प्रयोग भएको सुनिश्चितता गर्नुपर्दछ ।

भौ.नं./मिति	विद्यालयको नाम	कार्यक्रम	अनुदान रकम
२२-०७६/८/२७	शंकर जनता मा.वि. दुहवी	माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फर्निसिङ, किताव खरिद तथा ई-पुस्तकालय समेत)	५६५०००
२१-०७६/८/२४	शंकर जनता मा.वि., दुहवी	शिक्षण सिकाइमा ICT को प्रयोग, कम्प्टर, इन्टरनेट, कनेक्टिभिटी इक्युप्मेन्ट्स तथा किट्स खरिदका लागि अनुदान	६५००००
२३-०७६/८/२७	शंकर जनता मा.वि., दुहवी	विज्ञान प्रयोगशाला	६५००००
		जम्मा	**१८६५०००**

७१. **निःशुल्क पाठ्यपुस्तकः** कार्यालयले निःशुल्क पाठ्यपुस्तक खरिदको लागि १३ विद्यालयलाई गो.भौ.नं. ८८-०७७/२/१८ बाट रु.२५,६८,९९३। अनुदान निकासा गरिएको छ । सार्वजनिक विद्यालयमा प्रदान गरिने निःशुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीलाई उपलब्ध गराए नगराएको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामाग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नुपर्दछ ।

७२. **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) :** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७६।७७) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
	अनुदान निकासा दिनुपर्दछ ।	
७३.	**दिवा खाजा** : कार्यालयले दिवा खाजा कार्यक्रम संचालनका लागि भौ.नं.१९-०७६/८/२७, ३८-०७६/११/२६ र १०३-०७७/३/७ बाट रु.७०,४४,०००। खर्च लेखेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
७३.१.	**दिवा खाजा रकम बढी निकासा** : कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७६।७७) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु.१५। का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिनसमेत) को प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयबाट प्राप्त निम्न विद्यालयको रिजल्ट सीट अनुसार कार्यालयले EMIS को तथ्याङ्कलाई विद्यार्थी दैनिक हाजिरी पुस्तिका संग सत्यापन नगराई निम्नानुसार विद्यालयहरुलाई रु.४,७१,४५०। बढी भुक्तानी दिएको देखिएकाले अन्य विद्यालयको समेत वास्तविकता यकिन गरी सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.	४७१४५०

सि नं	विद्यालयको नाम	रिजल्ट सिट अनुसार जम्मा विद्यार्थी	भुक्तानी दिनुपर्ने रकम	जम्मा भुक्तानी	बढी भुक्तानी
१.	जनता मा.वि. गिद्दा बेलापट्टी	६५३	११७५४००	१५८४०००	४०८६००
२.	सरस्वती मा.वि. बफै	४०८	४२८४००	४४८३५०	१९९५०
३.	सहखे प्रा.वि. कर्माही	२०५	२१५२५०	२२५७५०	१०५००
४.	प्रा.वि., वैदेही	२३५	४२३०००	४५५४००	३२४००
	जम्मा		२२४२०५०	२७१३५००	४७१४५०

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
७४.	**वितरण नगरेको** : आदित्य इन्टरनेशनलबाट Sanitery Napkin खरिद गरी **गो.भौ.नं.५४-२०७६/१२/२७** बाट रु.४०,०००। भुक्तानी गरेकोमा उक्त Sanitery Napkin वितरण नगरी स्टोरमा मौज्दात राखेको पाइयो । वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.	४००००
७५.	**साक्षर नेपाल अभियानः** आर्थिक वर्ष २०७६।७७ मा साक्षरता अभियान कार्यक्रमका लागि साक्षर नेपालको अवधारणापत्र, २०७५ अनुसारका क्रियाकलाप संचालन गर्नको लागि यस पालिकालाई रु.१४ लाख बजेट प्राप्त भएकोमा रु.१३,९०,३१८। खर्च भएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
७५.१.	**अभियान संचालन नभएको** : निर्देशिकामा निरक्षरता पहिचान, पूर्व तयारी, सामाग्रीहरुको व्यवस्थापन लगायतका कार्य भाद्र महिनासम्ममा सम्पन्न गरी २०७६ असोज १ बाट कक्षा संचालनको व्यवस्था मिलाउने र माघ/फागुनसम्ममा स्थानीय तहलाई साक्षर घोषणा गराउने उद्देश्य रहेकोमा तथ्याङ्क संकलन, पुस्तक छपाइ कार्य गरी खर्च भएकोमा लक्षित उद्देश्य बमोजिम कार्यक्रम संचालन गरेको देखिएन । यसरी कार्यक्रमको मुख्य लक्ष्य प्राप्तीमा कुनै प्रगती नभएको अवश्थामा बजेट फ्रिज हुन नदिने उद्देश्यले खरिद गरिएका निम्नलिखित सामाग्रीहरु खरिद गरी पालिकामा मौज्दात रहेको देखिदा कार्यक्रमको उद्देश्य पुरा नभइ लगानी प्रतिफल विहिन देखिएको रु.	१३९०३१८

गो.भौ.नं.	विक्रेता	सामाग्री	रकम
७५-२०७७/२/२०	त्रिदेव जनरल अर्डर	रजिष्टर, पिन्सिल, कटर ,	३६२०५२

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
	| | सप्लायर्स | इरेजर | | | ७६-२०७७/२/२० | नैशि जेनेरल अर्डर सप्लायर्स | साक्षरता अभियानको कापी | ४९५०७५ | | ७७-२०७७/२/२० | जयदुर्गा अफसेट प्रेस | निरन्तर शिक्षा किताव | ४९७९९१ | | ७९-२०७७/२/२० | त्रिदेव अफसेट प्रेस | हाजिरी रजिष्टर | १०२०० | | ८४-२०७७/२/२० | जय दुर्गा प्रेस | सहयोगी पुस्तिका | २५००० | | | | जम्मा | १३९०३१८ |	
७६.	**वर्षान्तमा खरिद गरी मौज्दातः-** Covid-19 बाट भएको शैक्षिक क्षति न्युनीकरण तथा विद्यार्थीको सिकाई प्रवर्द्धन कार्यक्रम अन्तरगत त्रिदेव प्रेसबाट पि.जी. बालकक्षा देखि कक्षा ३ सम्मको ४००० थान किताब छपाई गरी निम्नानुसार रु.७,५२,२९०। भुक्तानी दिएको देखियो । उल्लेखित किताबहरु लक्षित विद्यार्थीहरुलाई वितरण नगरी लेखापरीक्षण गर्दाको समय सम्म स्टोरमा मौज्दात रहेको पाईयो । यसरी कार्यक्रम संचालन नगरी वर्षान्तमा खरिद गरी कोभिडको समयमा वितरण समेत नगरी पालिकालाई थप व्ययभार परेको रु.... | गो.भौ.नं. | विक्रेता | परिमाण | रकम | | १०७-२०७७/२/२०(सशर्त चालु) | त्रिदेव प्रेस | २००० | ३७६००० | | ३१२-२०७७/३/१३ (न.पा. चालु) | त्रिदेव प्रेस | २००० | ३७६२९० | | जम्मा | | | ७५२२९० |	७५२२९०
७७.	**खर्च गर्ने आधार नभएको:** मिति २०७७/३/२९ र ३० गते नगरपालिकाको सभा हलमा सञ्चालित नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रममा सहभागी नगरपालिकाको कार्यालयमा कार्यरत कर्मचारी तथा पदाधीकारीहरुले **गो.भौ.नं. १३९-२०७७/३/३१** बाट रु.१२,८१०। यातायात खर्च रकम बुझिलिएको देखियो । नगरपालिकामा कार्यरत कर्मचारी तथा पदाधीकारीहरुले नगरपालिकाको सभाहलमा सञ्चालित कार्यक्रममा सहभागी भए बापत यातायात भत्ता लिन पाउने आधार नभएकोले असुल गर्नुपर्ने रू.	१२८१०
७८.	**बिल भर्पाई बिना भुक्तानी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पार्वती सामुदायिक अध्ययन केन्द्रलाई **गो.भौ.नं. १४८-२०७७/३/३१** बाट रु. १,००,०००। भुक्तानी दिएकोमा सोको बिल भर्पाई पेश नभएकोले सोको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु...	१०००००
७९.	**छुट तलवः** आधारभुत तथा माध्यमिक तहका स्थायी तथा अनुदानमा आधारित शिक्षकको छुट तलब भनि **गो.भौ.नं.१४६-२०७७/३/३१** बाट रु. ५,१९,६१०। भुक्तानी दिएकोमा के-कुन अबधीको छुट तलब हो? सोको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.	५१९६१०
८०.	**कक्षा ८ को परिक्षा सञ्चालनः** संघीय सरकारबाट हस्तान्तरीत चालु बजेटको **गो.भौ.नं.२३६-२०७७/२/२० बाट** रू.१,१३,०००। र नगरपालिका चालु बजेटको **गो.भौ.नं. ८०-२०७७/२/२० बाट** रू.४,४१,५८०। गरी जम्मा रू.५,५४,५८०। खर्च भएको छ । यस कार्यक्रममा देखिएका व्यहोरा निम्नानुसार छन्	
८०.१.	**प्रमाण पेश नभएको:** कक्षा ८ को परिक्षा सञ्चालन समितिको बैठक भत्ता बापत कर बाहेक रू.४८,९६०। भुक्तानी भएकोमा उपस्थिति खुल्ने बैठकको माईन्युट पेश नभएकाले बैठक बसेको प्रमाण पेश गर्नुपर्ने रु.	४८९६०
८०.२.	**पारिश्रमिक बुझेको भर्पाई नभएको:** श्री रामएकवाल मण्डललाई उत्तर पुस्तिका कोडिङ-डिकोडिङ गरको रु.४,०१६। तथा परिक्षा अनुगमन भत्ता वापत रु.८,१६०। गरी जम्मा रु.१२,१७६। भुक्तानी	

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>दिएकोमा निजले उक्त रकम बुझेको भर्पाई पेश नभएको रु.</td><td>१२१७६</td></tr>
<tr><td>८१.</td><td>डण्डिको बढि मुल्यांकनः कार्यालयले योजनाको अन्तिम विल भुक्तानी गर्दा सम्बन्धित उपभोक्ता समितिले खरीद गरेको विलको परिमाण भन्दा कार्य सम्पन्न मुल्यांकनमा रड लगायतका निर्माण सामाग्री हरुको बढि परिमाण मुल्यांकन गरी भुक्तानी गर्ने गरेको देखिन्छ । देहाय अनुसारका उपभोक्ता समितिलाई भुक्तानी गर्दा उपभोक्ता समितिले पेश गरेको डण्डीको परिमाण भन्दा कार्य सम्पन्न मूल्यांकन एवं ठेक्का विलमा बढी परिमाण राखी मूल्यांकन गरेकोले रु.२,०५,१६६। अधिक मूल्यांकन भएको सम्बन्धमा यकिन गरी असुल गर्नुपर्ने देखिएको रु..
<table>
<tr><th>योजनाको नाम</th><th>कुल भुक्तानी रु</th><th>मूल्यांकन अनुसार प्रयोग डण्डीको परिमाण (केजी)</th><th>उपभोक्ताले पेश गरेको विल अनुसारको परिमाण (केजी)</th><th>बढी परिमाण</th><th>बढी मूल्यांकन भएको रकम</th><th>कैफियत</th></tr>
<tr><td>भैठला पैनी कल्भर्ट निर्माण विदेह न.पा. वडा नं. ८ (गो.भौ.नं.६९-७७/२/११ सशर्त चालु)</td><td>३४७२२९०</td><td>९१९३.८६</td><td>७६५९.६४</td><td>१५३४</td><td>१६४०६९</td><td>प्रति केजी रु.१०६.९४ को दरले</td></tr>
<tr><td>गर्भी पैनीमा तटबन्धन निर्माण विदेह न.पा. वडा नं. ८ (तराई मधेश समृद्धि कार्यक्रम गो.भौ.नं.१२-२०७७/३/३१</td><td>१११९८३९</td><td>४३५२.३</td><td>३९६८</td><td>३८४.</td><td>४१०९७</td><td>प्रति केजी रु.१०६.९४ को दरले</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>२०५१६६</td><td></td></tr>
</table></td><td>२०५१६६</td></tr>
<tr><td>८२.</td><td>सौर्य सडक बत्ती : कार्यालयले यस वर्ष सौर्य सडक वत्तीको लागि प्रति थान ४० वाटको सौर्य बत्तीको लागि रु.१,४०,९२०। को लागत अनुमान तयार गरेकोमा बोलपत्रदाता जे.वि. इन्टरप्राइजेजले बोलपत्र पेश गरी प्रति थान रु.१,३९,८१५। कवोल गरेको बोलपत्र स्वीकृती भएको देखिन्छ । लागत अनुमानको हाराहारीमै बोलपत्रदाताले रकम कवोल गर्नुले ठेक्का प्रकृया प्रतिस्पर्धी भयो भन्न सक्ने अवस्था समेत रहेन । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन् :</td><td></td></tr>
<tr><td>८२.१.</td><td>थप व्ययभार : उर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले आ.व.२०७६।७७ को लागि विभिन्न नविकरणिय उर्जा प्रविधिहरुको अधिकतम सन्दर्भ मूल्य निर्धारण गरी सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशन गरेको देखिन्छ । उक्त सन्दर्भ मूल्य सूचिमा सौर्य सडक वत्ति प्रकार ४(४० वाट) तराइमा अधिकतम रु.९८,०५३। कायम गरेको र सूचनाको द्रष्टव्यमा माथी उल्लेखित मूल्य सूचि अधिकतम मूल्य सन्दर्भको रुपमा लिइने, घटी भएमा कम मूल्यलाई आधार लिने र वोलपत्र वा अन्य खरिद प्रकृया अन्तर्गत गरिने खरिद तथा जडानको हकमा सोही बमोजिम कायम गरी मूल्यको आधार लिनुपर्ने उल्लेख भएको देखिन्छ ।कार्यालयले उल्लिखित व्यवस्थालाई आधार नलिई ४० वाटको सौर्य सडक वत्तिको प्रतिथान रु.१,४०,९२०। का दरले लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट ९ थान खरिद गरी जे.वि. इन्टरप्राइजेजले कबोल गरेको प्रति थान रु.१,३९,८१५। का दरले रु.१२,१५,३१५। भुक्तानी गरेको छ । बोलपत्र गर्दा लागत अनुमानको हाराहारीमा ठेक्का रकम कबोल भएकोले उल्लिखित व्यवस्था अनुसार ९ थान सौर्य सडक बत्तीको रु.८,८२,४७७। खर्च हुनुपर्नेमा रु.१२,१५,३१५। ठेक्का रकम कायम भइ भौ.नं.११०-०७७/३/२१ बाट सो रकम भुक्तानी भएकोले रु.३,३२,८३८। बढि हुन गएको छ । उल्लेखित व्यवस्था अनुसार लागत अनुमान तयार नगरी रु.३,३२,८३८। बढि व्ययभार हुने गरी खर्च लेखेको रु.</td><td>३३२८३८</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>८३.</td><td>सेनिटरी प्याड : सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निशुल्क उपलब्ध गराउन शिलबन्दी दरभाउपत्रको माध्यमबाट छनौट गरी जयश्याम सर्जिकल स्टोर्सलाई गो.भौ.नं. १०९-०७७/३/२१ बाट प्रति प्याड रु.६५।९० (मूअकर वाहेक) का दरले २०४०७ प्याकेटको रु.१५,१९,६४८। (मूअकर समेत) भुक्तानी गरिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :</td><td></td></tr>
<tr><td>८३.१.</td><td>लागत अनुमानको आधार नखुलाएको : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको मालसामान खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ ।३ वटा फर्मबाट दररेट लिई न्यूनतम दररेट पेश गर्ने शाह फर्मले उल्लेख गरेको रु.६६। लाई आधार लिई २०४०७ प्याडको रु.१३,४६,८६२।(मू.अ.कर वाहेक) लागत अनुमान तयार गरेको छ । सार्वजनिक खरिद ऐन नियमावलीमा भएका व्यवस्थाहरुको पालना नगरी आधार नखुलाई लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले ऐन नियमावलीमा भएको व्यवस्था अपनाई लागत अनुमान तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८३.२.</td><td>वर्षान्तमा ठेक्का सम्झौता : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधि भित्रमा समाप्त गरिसक्नुपर्ने व्यवस्था छ ।कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ २ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन ।
<table>
<tr><th>कार्यक्रम</th><th>खरिद विधि</th><th>सूचना प्रकाशन</th><th>सम्झौता मिति</th><th>आपूर्तकको नाम</th><th>सम्पन्न मिति</th></tr>
<tr><td>सेनिटरी प्याड</td><td>शिलवन्दी दरभाउपत्र</td><td>०७७ जेठ १</td><td>०७७ जेठ ३०</td><td>जय श्याम सर्जिकल स्टोर्स</td><td>०७७ असार २</td></tr>
</table></td><td></td></tr>
<tr><td>८३.३.</td><td>वितरण नगरेको : कार्यालयले जय श्याम सर्जिकल स्टोर्सबाट रु.१५,१९,६४८। मा खरिद गरेका २०४०७ थान सेनिटरी प्याड जिन्सी खातामा आम्दानी बाँधेकोमा ९१०० प्याड मात्र वितरण गरेको भरपाइ पेश गरेकोले कार्यक्रमको लक्षित लाभग्राही सामुदायक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई वितरण नगरी ११३०७ प्याड स्टोरमा मौज्दात राखेको पाइयो । सेनिटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी भण्डरण गर्नुपर्ने र सम्बन्धित विद्यालय मार्फत वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>८४१९९८</td></tr>
<tr><td>८४.</td><td>औषधी खरिद : कार्यालयले शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा छनौट गरिएका आपूर्तक लव मेडिकल हलसँग ०७६।७।६ मा सम्झौता गरी विभिन्न परिमाणमा ६४ प्रकारका औषधी खरिद गरी रु.२९,०२,९८०।खर्च लेखेको छ। सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :</td><td></td></tr>
<tr><td>८४.१.</td><td>लागत अनुमान तयार नगरी खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको मालसामान, खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा कार्यालयले ३ वटा फर्मबाट दरभाउपत्र माग गरेर औषत निकाली औसतमा २० प्रतिशत घटाइ ६४ प्रकारका औषधीको लागत अनुमान रु.२८,९९,८९३।(मू.अ.कर बाहेक) तयार गरेको छ । लागत अनुमान तयार गर्दा नियमावलीमा उल्लेखित व्यवस्थाको परिपालना नगरेकाले लागत अनुमान यथार्थपरक हुन सकेको छैन ।</td><td></td></tr>
<tr><td>८४.२.</td><td>लव मेडिकल हलसँग गरिएको सम्झौतामा आपूर्ति गर्ने औषधीको प्रत्येक स्ट्रीप र प्याकिङ्गको वाहिर निशुल्क वितरणको लागि उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयको स्वास्थ्य स्टोर स्थलगत अवलोकनका क्रममा विभिन्न औषधीको बाहिर निशुल्क वितरणको लागि लोगो नलगाएको पाइयो । सम्झौतामा गरिएको व्यवस्था बमोजिम औषधीको प्रत्येक स्ट्रीप र प्याकिङ्ग बाहिर निशुल्क वितरणको लागि लेखिएका औषधी मात्र आपूर्तकबाट लिनुपर्दछ ।

उदाहरणार्थ :

<table><tr><th>सिनं.</th><th>औषधीको नाम</th></tr><tr><td>१</td><td>Albendazole Tablet IP (Wormex)</td></tr><tr><td>२</td><td>Amoxycillin Trihydrate Capsules IP (Mymox 250)</td></tr><tr><td>३</td><td>ORS</td></tr><tr><td>४</td><td>Ibuprofen Tablets IP (Asprof 400) – मूल्य उल्लेख भएको र Ins Supply पनि उल्लेख भएको</td></tr></table></td><td></td></tr>
<tr><td></td><td>बहुक्षेत्रिय पोषणः</td><td></td></tr>
<tr><td>८५.</td><td>जिन्सी दाखिला तथा वितरण भर्पाई नभएकोः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) अनुसार प्राप्त जिन्सी मालसामान मूल्य समेत खुलाइ जिन्सी आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । पालिकाले त्रिदेव प्रेसको विजक नं.४०-२०७७/३/२५ बाट खाद्यवस्तुमा पाईने पोषक तत्वहरुको विवरण डायरी ११३० थान छपाइ गरी गो.भौ.नं.१५-२०७७/३/२१ बाट रु.२,२३,४५७। भुक्तानी दिएकोमा उक्त डायरी जिन्सी दाखिला गरेको छैन । जिन्सी दाखिला गरी लक्षित वर्गलाई वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु...</td><td>२२३४५७</td></tr>
<tr><td></td><td>राष्ट्रिय परिचय-पत्र तथा पञ्जिकरण विभाग (पुँजीगत खर्च)</td><td></td></tr>
<tr><td>८६.</td><td>भर्पाई नभएकोः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. २८-२०७६/१०/१९ बाट निरक्षरको विवरण कम्प्युटरमा प्रविष्टी गरेबापत ५९८८ निरक्षरको रु.४ का दरले रु.२३,९५२। खर्च लेखिएकोमा खर्चको प्रमाण संलग्न भएको नदेखिएको रु</td><td>२३९५२</td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम</td><td></td></tr>
<tr><td>८७.</td><td>सामाजिक सुरक्षा तर्फ यस वर्ष रु.७,५६,०५,६००। खर्च भएको बैंक नगदी किताव र आर्थिक विवरणबाट देखिन्छ । सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् :</td><td></td></tr>
<tr><td>८७.१.</td><td>बैङ्क मार्फत बितरण नगरेकोः सामाजिक सुरक्षा सञ्चालन कार्यविधी, २०७५ को दफा २२ मा संघीय</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न नपाईने व्यवस्था छ । पालिकाले बालबालिका सुरक्षा भत्ता दलित वापत पहिलो चौमासिकमा रु.२१,५२,४००। तथा दोस्रो चौमासिकमा रु.२०,६६,८००। गरी रु. ४२,१९,२००। नगदै बुझाएको छ । कार्यविधि बमोजिम लाभग्राहीको बैंक खाता मार्फत भत्ता वितरण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८७.२.</td><td>सामाजिक सुरक्षा सञ्चालन कार्यविधी, २०७५ को दफा १५ (४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा फ्रिज भई संघीय संचित कोषमा दाखिला हुनेछ । लाभग्राहीको खातामा गएको रकम भने फ्रिज हुनेछैन भन्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा बापत बैङ्क निकासा दिएको तिनै किस्ताको रकम वितरण गरी निष्कृय खातामा रु.२,७५,२०० मौज्दात रहेको एन.आई.सी एसिया बैङ्कको मिति २०७७/८/२१ को पत्रबाट देखिएकोले उक्त रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु...</td><td>२७५२००</td></tr>
<tr><td>८७.३.</td><td>फिर्ता नगरेकोः पालिकाका निम्नानुसारका वडा सचिवहरुले बालबालिका सुरक्षा भत्ता वितरणको लागि गो.भौ.नं.५-२०७७/२/२६ बाट पेश्की लिएको रकम गो.भौ.नं.६-२०७७/३/२८ बाट फछ्र्यौट गर्दा लाभग्राहीलाई वितरण गरेको भर्पाई भन्दा बढी रकम पेश्की फछ्र्यौट गरेको देखिएकोले असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु....
<table>
<tr><th>वडा नं.</th><th>पेश्की लिने कर्मचारी</th><th>पेश्की रकम</th><th>भर्पाईको रकम</th><th>फिर्ता गर्नुपर्ने</th></tr>
<tr><td>२ र ४</td><td>श्री सत्य नारायण राय</td><td>३७८८००</td><td>३७१६००</td><td>७२००</td></tr>
<tr><td>३</td><td>श्री सर्वजीत पासवान</td><td>४०६४००</td><td>३९३६००</td><td>१२८००</td></tr>
<tr><td>५</td><td>श्री गंगा दास</td><td>३९२०००</td><td>३३३२००</td><td>५८८००</td></tr>
<tr><td>६</td><td>श्री रामएकवाल मण्डल</td><td>२५६०००</td><td>२२३२००</td><td>३२८००</td></tr>
<tr><td>७</td><td>श्री रामकिशोर यादव</td><td>१४००००</td><td>१३४८००</td><td>५२००</td></tr>
<tr><td>८</td><td>श्री रामकृपाल साह</td><td>९२०००</td><td>८८८००</td><td>३२००</td></tr>
<tr><td>९</td><td>श्री हिरावहादुर यादव</td><td>२०४०००</td><td>२०१६००</td><td>२४००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१८६९२००</td><td>१७४६८००</td><td>१२२४००</td></tr>
</table>
</td><td>१२२४००</td></tr>
<tr><td>८७.४.</td><td>सामाजिक सुरक्षा सञ्चालन कार्यविधी, २०७५ को दफा २५(क) सामाजिक सुरक्षा बापत निकासा प्राप्त रकम बैङ्कले लाभग्राहीको खातामा जम्मा भएको स्पष्ट दिखिने गरी लाभग्राहीको नाम, बैङ्क खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण अनुसुची-१३ बमोजिमको चौमासिक रुपमा सम्बन्धित स्थानीय निकायलाई विद्युतिय माध्यममा अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहलाई पठाउनुपर्नेछ र यसै विवरणलाई रकम वितरणको भर्पाई मानिनेछ भन्ने व्यवस्था छ । पालिकाले बालबालिका सुरक्षा भत्ताको पहिलो र दोस्रो चौमासिकको सम्पुर्ण रकम रु.४२,१९,२००। हातहातै वितरण गरेकोले सो रकम वितरणको अनुसुची-१३ बमोजिमको विवरण प्राप्त भएन । पालिकाले कार्यविधीको पुर्ण पालना गरी सामाजिक सुरक्षा कार्यक्रमलाई पारदर्शी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८७.५.</td><td>पारदर्शिता कायम नगरेकोः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा नगरकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
८७.६.	**लगत कट्टाको अभिलेख प्राप्त नभएको:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण क्रममा मुल अभिलेख खाता र आ.व. २०७६।७७ मा लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध भएन । मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख प्राप्ट नभएकाले दफा १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी यकिन गर्न सकिएन । यसमा सुधार गर्नुपर्दछ ।	
८७.७.	**समयमा वितरण नगरेको:** सामाजिक सुरक्षा सञ्चालन कार्यविधी,२०७५ को दफा १६ (क) मा स्थानीय तहले सम्बन्धित वडा कार्यालय मार्फत पहिलो चौमासिकको रकम असोज १ गतेबाट दोस्रो हप्ताभित्र, दोस्रो चौमासिकको रकम माघको १ गतेबाट दोस्रो हप्ताभित्र र तेस्रो चौमासिकको रकम जेठको १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गरी सक्नुपर्ने व्यवस्था छ । पालिकाले पहिलो चौमासिकको सामाजिक सुरक्षाको रकम मिति २०७७/१/५ र मिति २०७७/१/७ मा र दोस्रो चौमासिकको रकम मिति २०७७/२/२६ मा तथा तेस्रो चौमासिकको रकम २०७७/३/२८ मा मात्र बैङ्कमा पठाएको छ भने तेस्रो चौमासिकको बालबालिका सुरक्षा भत्ताबापतको रकम मिति २०७७/३/२८ मा वडा सचिवहरुलाई पेश्की दिई आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट गरेको छैन। पालिकाले कार्यविधीले तोकेको समयमा नै रकम वितरण गर्नुपर्दछ।	
८७.८.	**अनुगमन तथा मूल्याङ्कनः-** सामाजिक सुरक्षा सञ्चालन कार्यविधी,२०७५ को दफा २८ (१) मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिती रहने व्यवस्था छ ।पालिकाले यस्तो समिती गठन नै गरेको पाईएन । पालिकाले सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारिता प्रवर्द्धनका लागि कार्यविधी पुर्ण पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
८७.९.	**सार्वजनिक सुनुवाईः-** सामाजिक सुरक्षा सञ्चालन कार्यविधी,२०७५ को दफा ३५ मा स्थानीय तहका वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रमका सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षाका विषयमा सार्वनिक सुनुवाई गरेको पाईएन । नियमानुसार सार्वजनिक सुनुवाई गर्ने व्यवस्था गर्नु पर्दछ ।	
	आन्तरिक आय तर्फ	
८८.	**आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८, १०८क र २३ राखेको देखिएन। ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ का नयाँ संशोधित फारम राखी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । कार्यालयले यस वर्ष आन्तरीक रु.५८,७९,३७९। बैङ्क जम्मा भएको आधारमा आम्दानी जनाउँदा दैनिक आम्दानी, दाखिला रजिष्ट्रर एवम् गोश्वारा भौचर खडा गरेको छैन । रसिद नम्वर र वैंक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ्ग नगरी वैंकमा आम्दानी भएको र राजस्व असूल गर्ने व्यक्तिको जम्मा गर्न ल्याएको आधारमा आम्दानी बाँधेकोले	

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
	खातासंग भिडान गर्न सक्ने अवस्था रहेन । यसबाट राजश्व चुहावट हुन सक्ने हुँदा खाता प्रविष्टी गरेर मात्र दाखिला गर्नुपर्दछ ।	

८९. **आय उपकरण परिचालनः** पालिकामा निम्नानुसार उपकरण रहेको र उपकरणको चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा ति उपकरण उपयोग आय र परिचालनको लगसिट लगानी र आय विश्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन । उपकरणहरु नगरपालिकाका प्रमुख, उपप्रमुख तथा वडाध्यक्षहरुको मौखिक निर्देशनमा परिचालन हुने जनाएको छ । नगरपालिकाको उपकरणहरु मार्फत प्रदान गरीने सेवाको आय र व्यय देखिने गरी व्यवस्थित अभिलेख राख्नु पर्दछ ।

सि.नं.	सामानको विवरण	इन्धन लागत	जनशक्ति लागत	मर्मत लागत	आय	खर्च	वचत
१	ट्याक्टर २ थान	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने
२	सक्शन मेशिन १ थान	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने
३	ब्याक हो लोडर १ थान	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने	नखुल्ने

९०. माछा पोखरी : कार्यालयले मिति २०७७/८/१२ मा नगरपालिकाभित्र रहेका १२ वटा माछा पोखरीको ठेक्का बन्दोबस्त गर्नका लागि सूचना प्रकाशन गरेकोमा ३ वर्षको लागि रु.१,६७,८७,०००। कवोल अंक उल्लेख गरी २०७७/११/१२ मा आशयको सूचना दिएकोमा लेखापरीक्षण अवधिसम्म सम्झौता भएको पाइएन ।

९१. गत वर्षको महालेखापरीक्षकको प्रारम्भिक प्रतिवेदनको दफा ६३ मा उल्लेखित तत्कालिन गाउँ विकास समितिको कार्यालय, विद्यालय र स्थानीय व्यक्तिहरुले लगाएको नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने सार्वजनिक माछा पोखरीको आय ठेक्काबाट प्राप्त हुनुपर्ने आय यस वर्ष पनि प्राप्त नभई स्थिति यथावत रहेको छ । नगरपालिकाले प्राप्त गर्नुपर्ने आय यथाशिघ्र छानविन गरी समयमै आय प्राप्त गर्नुपर्दछ ।

९२. **रसिद फिर्ता नगरेकोः** लेखापरिक्षणको क्रममा पेश भएको रसिद नियन्त्रण खाताबाट ९ वडाका कर्मचारी तथा पालिका अन्तरगतका कृषि शाखा र पशुसेवा शाखाका कर्मचारीले बुझिलिएको निम्नलिखित रसिद फिर्ता गरेको तथा सो रसिदबाट आम्दानी गरेको रकम बैङ्क दाखिला गरेको देखिएन । तसर्थ पालिकाले जिम्मेवार कर्मचारीबाट सो रसिदबाट आम्दानी गरेको रकम एकिन गरी कानुनबमोजिम लाग्ने जरिवाना समेत असुल गर्नुपर्दछ ।

वडा नं.	जिम्मेवार कर्मचारी	फिर्ता नगरेको रसिद
१	भुला यादव	२९५१-३०००- १ ठेली
२	भुला यादव	२०५१-२१००-१ ठेली
	सत्य नारायण राय	३१५१-३२००- १ ठेली
३	सर्वजित पासवान	२९०१-२९५०- १ ठेली
५	गंगा दास	१५०१-१५५० र ३१०१-३१५०-२ ठेली
७	रामकिशोर यादव	२९५१-३०००- १ ठेली
८	रामकृपाल साह	३००१-३०५० र १९०१-१९५०- २ ठेली
९	हिरा बहादुर यादव	१८०१-१८५० र ३२०१-३२५०- २ ठेली

९३. **फरक रसिद नं.-** पालिकाका निम्न कर्मचारीहरुले लेखापरिक्षणको क्रममा पेश भएको रसिद नियन्त्रण खाताबाट बुझेर लगेको रसिद भन्दा भिन्न रसिद बुझाएको देखिएकोले पालिकाले वितरण नै नगरेको रसिद के-कसरी प्रयोग भयो ? अन्य त्यस्तै रसिद के-कति प्रयोग भएको छ? पालिकाले छानविन गरी एकिन गर्नु पर्दछ ।

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम

वडा नं.	कर्मचारीको नाम	फिर्ता गरेको रसिद नं.	आम्दानी रकम
१	भुला यादव	१८५१-१९००	११७८८
२	भुला यादव	११५१-१२००	१११२९
३	सर्वजित पासवान	१७०१-१७५०	१२२१८
		१६०१-१६५०	५२८०
		१००१-१०५०	५०००
४	सत्य नारायण राय	१९०१-१९५०	८७४३
५	गंगा दास	१४५१-१५००	१४०६०
६	योगिन्द्र दास	१९५१-२००	६०३९
	राम एकवाल मण्डल	११००१-१३०१९	१९२०
७	रामकिशोर यादव	१८३१-१८५०	३५८२
८	रामकृपाल साह	८०१-८५०	५५००
९	हिरा बहादुर यादव	१७५१-१८००	१२७२४
		जम्मा	९७९८३

९४. **पेश्की बाँकी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्कीसोही आर्थिक वर्षमा फछ्यौंट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्यौंट हुन बाँकी रहेको पेश्कीको नामेसीसहित के वापत पेश्की गएको हो पेश्की खातामा जनाई पेश्की फछ्यौंट नियमावलीको व्यवस्था भएकोमा हालसम्म फछ्यौंट नगरेकोले नियमावली अनुसार फछ्यौंट गर्नुपर्ने देखिएको रु. — ४६६४४००

बजेट शिर्षक	कार्यक्रमको नाम	पेश्की पाउनेको नाम	पेश्की प्रयोजन	पेश्की रकम
नगरपालिका पुँजीगत	ह्युम पाईप खरिद तथा जडान	ह्युमपाईप जडान उपभोक्ता समिती	निर्माण कार्य	२७५८०००
सामाजिक सुरक्षा	बालबालिका सुरक्षा	भुला यादव	भत्ता वितरण	३६२०००
		सत्य नारायण राय		३५३६००
		सर्वजित पासवान		३७८४००
		राम कृपाल साह		८००००
		राम किशोर यादव		१२०८००
		रामएकवाल मण्डल		१८३६००
		गंगा दास		२४६०००
		हिरा बहादुर यादव		१८२०००
			जम्मा	४६६४४००

कोभिड १९ व्यवस्थापन तर्फ

९५. विपद व्यवस्थापन तर्फ नगरपालिकाबाट रु.१,०४,३२,०००। र प्रदेश सरकारबाट रु.१५,००,०००। गरी रु.१,१९,३२,०००। निकासा प्राप्त भएकोमा नगरपालिका तर्फ रु.९७,५२,०१३। तथा प्रदेश सरकार तर्फ रु.१५,००,०००। गरी रु.१,१२,५२,०१३। खर्च भएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

९६. **राहत वितरण** : कोभिड १९ का कारण जारी लकडाउन समयमा श्रमिक, गरिव तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत उपलब्ध गराउन वडाध्यक्षको संयोजकत्वमा गठित लक्षित समूह पहिचान तथा राहत वितरण समितिले निम्नानुसार लक्षित समूह पहिचान गरी राहत वितरण गरेको छ । प्रदेश सरकारबाट जारी कोरोना भाइरस संक्रमण प्रभावित मजदुर, श्रमिक, गरिव तथा आर्थिक रुपमा विपन्न

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
	किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६ को दफा ६ मा खाद्यान्न राहत वा अनुदान उपलब्ध गराउँदा लक्षित समूहको परिवारको संख्याको आधारमा (प्याकेज बनाउँदा ४ जनासम्म सदस्य भएको परिवार र ४ जना भन्दा बढी सदस्य भएको परिवारलाई पुग्ने गरी २ प्रकारको बनाउने) समानुपातिक र समन्यायिक वितरण गर्नुपर्ने उल्लेख छ । न.पा. ले मापदण्ड अनुसार नछुट्याइ निम्न ९ वडाका ४६१७ परिवारलाई प्रति परिवार चामल १० किलो, दाल, नुन, चिनी, चिउरा १-१ किलो, सावुन २ गोटा तथा तेल आधा लिटरका दरले राहत वितरण गरेको छ । त्यस्तै छुट हुन गएका ४४० परिवारलाई चामल ३० किलो, दाल आधा किलो, चिनी डेढ किलो, सावुन २ गोटा र खाने तेल १ लिटरका दरले राहत वितरण गरेको छ । लक्षित परिवार पहिचान गर्दा लिएको आधार स्पष्ट उल्लेख छैन ।	

वडा नं.	राहत वितरण संख्या
१	४२०
२	४२०
३	७१३
४	४१९
५	५१९
६	४३७
७	१४९
८	३८६
९	११५४
जम्मा	४६१७

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम
९७.	कार्यालयले भौ.नं.२९-०७७/२/१५ बाट क्षयकुष्ठ अधिकृत रामगुलाम कर्णको रु.४,००,०००। पेश्की फछ्यौंटको फाँटवारी परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन् :	
९७.१.	**कर कट्टी नगरेको** : आयकर ऐन, २०५८ को दफा ८८(४) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको आपूर्तकलाई भुक्तानी रकमको १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । न्यू राज होजियारीलाई फेस मास्क खरिद गरी मू.अ.कर समेत रु.३,८१,९४०। भुक्तानी गरेकोमा विजकमा विक्रेताको हस्ताक्षर नभएको तथा अग्रिम आयकर कट्टी नगरेकोले उक्त रकम असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.	५०७०
९८.	**जिन्सी दाखिला नभएको** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्म्वार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान ७ दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । भौ.नं.६८-०७७/३/१६ बाट क्वारेन्टाइन व्यवस्थापनका लागि आधुनिक काष्ठ उद्योगबाट प्रति गोटा रु.४,३९०। का दरले १०० गोटा खाट खरिद गरी रु.४,९६,०७०। भुक्तानी गरिएकोमा जिन्सी खातामा दाखिला नगरेको हुँदा सोको प्रमाण पेश गर्नुपर्ने रु	४९६०७०
९९.	**लागत अनुमान** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको मालसामान, खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार	

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम

गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी ३ वटा फर्मबाट कोटेशन लिई न्यूनतम दरभाउपत्र दाताबाट खरिद गरेको छ । नियममा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरी खरिद व्यवस्था मितव्ययी एवं प्रभावकारी तवरले गर्नुपर्दछ ।

भौ.नं./मिति	आपूर्तकको नाम	मालसामान	भुक्तानी रकम
२-०७६/१२/२२	आरव ट्रेडर्स	रहर दाल	२२००००
३-०१२/२५	रविशंकर हरिशंकर आयल एण्ड च्युरा मिल	चिउरा	२३००००
६-०७६/१२/२७	एस के व्याग उद्योग	मास्क	३६४३१२
७-०७६/१२/२९	सौरभ आयल मिल	धारा तेल	६२१०००
८-०७६/१२/२९	जय लक्ष्मी गल्ला भण्डार	रहर दाल	३३००००
९-०७६/१२/२९	आर.आर. केमिकल्स	लिक्विड ब्लिच, ब्लिचिङ पाउडर	२२२६७२
१३-०७७/१/७	राम आधुनिक चामल उद्योग	राम विला चामल	२१५०४००
१६-०७७/१/१२	आर आर केमिकल्स	लिक्विड ब्लिच, ब्लिचिङ पाउडर	११७९७२
२९-०७७/२/१५	न्यू राज होजियारी	मास्क	३८१९४०
३४-०७७/२/१५	हाउस डेकोर	फोम, मेट्रेस	२६५३५७
४९-०७७/२/३०	जे.पी. इन्टरप्राइजेज	फेन, तार,बल्ब	१८४३५९
५०-०७७/२/३०	जनकपुर सर्जिकल स्टोर्स	मास्क सेनिटाइजर	१८९३६७
५४-०७७/२/३२	ऋद्धिसिद्धि ट्रेडर्स	मास्क	१४७४६५
६८-०७७/३/१६	आधुनिक काष्ठ उद्योग	खाट	४९६०७०
६९-०७७/३/१६	माँ जानकी सोप	लिक्विड ब्लिच, ब्लिचिङ पाउडर, सेनिटाइजर, फिनेल	५३२१३८
	जम्मा		६४५३०५२

१००. **नगरपालिका चालुबाट विपद् खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२क) अनुसार खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी रहेको छ भने खर्च निकासा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कोभिड १९ को व्यवस्थापनका लागि नगरपालिका चालुबाट रु.१५,९५,७४३। खर्च लेखेकोमा उक्त उपशिर्षकमा व्यवस्था भएको देखिदैन । कोभिड १९ को व्यवस्थापन तथा अन्य विपद् व्यवस्थापनमा भएका सम्पूर्ण खर्चहरु विपद् व्यवस्थापन कोषमा रकम ट्रान्सफर गरी खर्च गर्नुपर्नेमा कार्यालयले उल्लेखित व्यवस्था अनुसार कतिपय अवस्थामा अन्य शीर्षकबाट समेत खर्च लेखेको छ । विपद व्यवस्थापनको खर्चमा दोहोरोपन हुन नदिन एकै शीर्षकबाट खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । कार्यलयले निम्नानुसार फर्महरुबाट विपदका लागि खरिद गरिएका सामाग्रीहरु आम्दानी बाँधी खर्च जनाएकोमा सामाग्रीहरुको प्रयोग तथा मौज्दात स्थिति लेखापरीक्षणको लागि पेश भएन । अतः सामाग्रीको प्रयोग तथा मौज्दातको स्थिति यकिन गरी खर्च प्रभावकारी बनाउनुपर्दछ ।

भौ.नं./मिति	फर्मको नाम	सामानको विवरण	रकम
१६५-०७६/१२/२०	न्यू सिकारिया स्टील हाउस	डस्टविन, धारा समेत	१४७३२०
१६६-०७६/१२/२०	किरण इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स	धारा, विद्युत सामान	६४७५०
१६८-०७७/१२/२५	हाउस डेकोर	सेनिटाइजर, तौलिया लगायत सामान	४९३५७४
१६९-०७६/१२/२५	न्यू सिकारिया स्टील हाउस	वाल्टी, कित्ली	२३६४०

दफा	लेखापरीक्षणबाट देखिएको व्यहोरा	बेरुजू रकम

१७०-०७६/१२/२५	श्री जे वि ट्रेडर्स	विद्युत सामान	८३१३९
१७१-०७६/१२/२५	जे वि इन्टरप्राइजेज	जेनेरेटर	४३८४४
१७२-७६/१२/२७	लव मेडिकल हल	औषधी	३६९६०
१७३-०७६/१२/२७	आदित्य इन्टरनेशनल	औषधी	९९५३०
१७४-०७६/१२/२७	संजिव इन्टरप्राइजेज	वाल्टिन	९५००
१८४-०७७/१/१२	शिवांस जनरल स्टोर प्रा.लि.	पिपिइ/थर्मगन	२३७३००
१८५-०७७/१/१२	श्रवण स.मिल	काठको खाट	११३०००
१८६-०७७/१/१२	स्वष्तिक सप्लायर्स	थर्मोमिटर २ थान	२३७३०
१८७-०७७/१/१२	अमन इन्टरप्राइजेज	फ्लेक्स प्रिन्ट ७७ थान	६००७०
२२१-०७७/२/१५	न्यू सिवारिया स्टील हाउस	कुकर/वाल्टीन लगायत	५५१९०
२२२-०७७/२/१५	शिवम् मेशिनरी स्टोर	मोटर स्प्रे	६०००
२३०-०७७/२/२६	मुस्कान आर्ट एण्ड प्रिन्टर्स	फ्लेक्स प्रिन्ट ११ थान	२००००
३०९-०७७/३/१२	श्री जे.वि. ट्रेडर्स	व्याट्री	३५८२१
४१६-०७७/३/३१	न्यू रोयल डेकोर फर्निसिङ हाउस	कार्पेट	४२३७५
	जम्मा		१५९५७४३

१०१.	**अनुगमन** - गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन। बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ।	
१०२.	**अनुगमन तथा मूल्याङ्कन** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) घ बमोजिम बेरुजु फर्छयौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले गत विगत वर्ष देखिको अध्यावधिक बेरुजु लगत खडा गरी फर्छयौट गरेको देखिएन ।	
१०३.	**संचित कोष तथा बेरुजुको स्थिति** - पालिकाको संचितकोष विवरण, बेरुजुको वर्गिकरण र अद्यावधिक बेरुजुको स्थिति क्रमश अनुसूची १, अनुसूची २ र अनुसूची ३ मा समावेश छ ।	

स्थानीय सञ्चित कोष विवरण

२०७६/७७

अनुसुची १

(रू. हजारमा)

स्थानीय तह	जिल्ला	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्याय				मौज्दात बाँकी
					गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
विदेह नगरपालिका	धनुषा	९७२०२८	७७३३६	७.९६	१२४३२८	२९८४५३	५२२०८	४२३८	१०८६६४	४६३५६३	११६०३३	१४२४३४	२४९९९८	५०८४६५	७९४२६

बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७६/७७

अनुसुची २

(रू. हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
विदेह न पा	धनुषा	८३	६३	७७३३६	०	०	०	८३	६३	७७३३६	२०७०	४०१६१	३०४४१	०	०	७०६०२	१९०६	२७५८	४६६४

अध्यावधिक बेरुजु स्थिति

२०७६/७७

अनुसुची ३

(रू. हजारमा)

स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको वाँकी वेरुजु	समायोजन	सं.प.को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	सं.प.वाट कायम बेरुजु रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की
विदेह नगरपालिका	धनुषा	१६३४१४	-१	०	०	०	०	१६३४१३	०	७७३३६	२४०७४९	४६६४